**Journal of Jayaprithvi Multiple Campus**
Vol. 1; May 2025
ISSN: 3059-9830 (Print)
Published by Research Management Cell (RMC)
Jayaprithvi Multiple Campus, Bhopur, Bajhang

# *पत्थरको कथा* एकाङ्कीको समाजपरक विश्लेषण

**देवराज भट्टराई**
**उपप्राध्यापक**
जयपृथ्वी बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय
devrajbhattarai24@gmail.com

**लेखसार**

*पत्थरको कथा विजय मल्लको एक चर्चित एकाङ्की हो । त्रिभुवन विश्वविद्यालयको छैटौँ दीक्षान्त समारोहको उपलक्ष्यमा राष्ट्रिय नाचघरमा प्रदर्शन गरिएको यस एकाङ्कीमा मल्लले राणाकालीन नेपाली समाजको दयनीय अवस्थाको चित्रण गरेका छन् । पत्थरको कथा एकाङ्कीमा प्रस्तुत गरिएको राणाकालीन नेपालको जहाँनिया शासन, सामाजिक तथा राजनीतिक संरचना र त्यस समयमा नेपाली जनताहरूले भोग्नु परेको कारुणिक तथा दयनीय अवस्थाको समाजपरक विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य हो । अहिलेसम्म यस एकाङ्कीको गहन रूपमा समाजपरक विश्लेषण नगरिएकाले त्यही रिक्तता पूर्तिका लागि यो अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा विजय मल्लको पत्थरको कथा एकाङ्की प्रयोग गरिएको छ भने द्वितीय सामग्रीको रूपमा पत्थरको कथा एकाङ्कीसँग सम्बन्धित विभिन्न लेख, विश्लेषण तथा समालोचनाको उपयोग गरिएको छ । प्रस्तुत एकाङ्कीमा सामन्त विपिन बाबुको षड्यन्त्रमा परेर उसकी रानीहरू ज्वाला र कृष्णा, नोकरहरू रघुवीरसिंह र शत्रुघ्न, शिक्षक श्रीकान्त तथा ज्वाला रानीका छोराछोरीहरू रवि र समा आदिले अनाहकमा मृत्युवरण गर्नुपरेको कुरा उल्लेख गरिएको छ । यस लेखमा कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवाद तथा वर्गसङ्घर्षको पृष्ठभूमिमा विकसित साहित्यिक क्षेत्रमा देखिएको प्रगतिवादको सैद्धान्तिक मान्यताका आधारमा गुणात्मक ढाँचा प्रयोग गरी यस एकाङ्कीमा भएका प्रगतिवादसँग सम्बन्धित विशिष्ट पङ्क्तिहरूको व्याख्यात्मक विधिद्वारा पाठपरक विश्लेषण गरिएको छ । यसरी समाजपरक विश्लेषण गर्दा पत्थरको कथा एकाङ्की प्रगतिवाद प्रयोगका दृष्टिले उच्चकोटिको रहेको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

***मुख्य शब्दावली:*** *प्रगतिवाद, जहाँनिया, अलौकिक परिवेश, स्वैरकल्पना, चेतनाशून्य, हैकमवादी प्रवृत्ति*

## विषयपरिचय

विजय मल्ल (१९८२-२०५६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । कथा, कविता, उपन्यासलगायतका विविध विधाहरूमा सफलतापूर्वक कलम चलाउने मल्लको सर्वाधिक रूचि र सफलताको क्षेत्र नाट्यविधा नै हो । यथार्थवाद र प्रयोगवादको प्रभाव ग्रहण गर्दै नयाँपन दिनु आधुनिक नेपाली नाटकमा उनको महत्त्वपूर्ण योगदान हो । आई.

एस्सी. सम्मको अध्ययन गरेका मल्लले नेपाल प्रज्ञाप्रतिष्ठानको सह-सचिव हुँदै उपकुलपतिको समेत जिम्मेवारी सम्हालेका छन् । साझा पुरस्कार, गोरखा दक्षिण बाहु, गङ्कीवसुन्धरा आदि पुरस्कारबाट सम्मानित मल्लका *कोही किन बरबाद होस्* (२०१५), *जिउँदो लास* (२०१७), *भोलि के हुन्छ* (२०२२), *स्मृतिको पर्खालभित्र* (२०४०) आदि पूर्णाङ्की नाटक तथा *पत्थरको कथा* (२०२८), *दोभान* (२०३४ ), *भित्तेघडी* (२०४०), *भूलैभूलको यथार्थ* (२०४१), पहाड चिच्याइरहेछ (२०४१), सृष्टि रोकिँदैन (२०४८), माधुरी (२०४८) आदि एकाङ्की सङ्ग्रहहरू प्रकाशित भएका छन् ।

विजय मल्ल यथार्थवादी-मनोविश्लेषणवादी एकाङ्कीकार हुन् । यिनले पात्रहरूका मानसिक तहको सूक्ष्म विश्लेषण गरेका छन् । चेतन र अचेतन मनको विश्लेषण गरिएका यिनका एकाङ्कीहरू आन्तरिक र बाह्य द्वन्द्वकै माध्यामबाट प्रस्तुत भएका छन् । सामाजिक धरातलमा उभिएर आजका युगीन विकृति र विसङ्गतिहरू प्रस्तुत गर्नु पनि उनको एकाङ्कीगत प्रवृत्ति हो । उनका एकाङ्कीहरूमा विकृति, अतियथार्थ र स्वैरकल्पनाको पनि प्रयोग भेटिन्छ । उनी बौद्धिक एकाङ्कीकारको रूपमा पनि परिचित छन् । नेपाली नाट्यक्षेत्रमा नवीन शिल्प र शैली भित्र्याउने मल्लका एकाङ्कीहरूमा नारी स्वतन्त्रता, सामाजिक असमानता, गरिबी, शोषण र आतङ्कका विरूद्ध आवाज उठाइएको देखिन्छ । पात्रका जटिल मानसिकता र असामान्य परिस्थितिहरू देखाउँदै आजको स्वार्थ, अशान्त र त्रस्त समाजको अभिव्यक्ति दिन खोज्नु उनको मुख्य सफलता हो । यसका साथै उनले विद्रोही भाव, व्यङ्ग्य चेतना, देशप्रेम र मानवतावादी विचार प्रस्तुत गरिएका उत्कृष्ट एकाङ्की दिएर नेपाली साहित्यमा अमूल्य योगदान दिएका छन् । यसरी तार्किकता तथा बौद्धिकताभित्र सरल भाषाको प्रयोग गर्दै संवादहीनता, पात्रगत अल्पता, सङ्क्षिप्तता, कलात्मकता र सरलता भाषिक प्रवृत्ति अँगाल्दै मनोविश्लेषणका माध्यामबाट सामाजिक अवस्थाको अभिव्यक्ति रोचक शैलीमा दिन सक्नु नै यिनको एकाङ्कीगत प्रवृत्ति हो ।

*पत्थरको कथा* एकाङ्की विजय मल्लको एक चर्चित एकाङ्की हो । यो वि. सं. २०२८ सालमा पहिलो पटक साझा प्रकाशनद्वारा प्रकाशित *पत्थरको कथा* एकाङ्कीसङ्ग्रहमा सङ्कलित छ । यसै एकाङ्कीको नामबाट एकाङ्कीसङ्ग्रहको नाम राखिनुले पनि यो महत्त्वपूर्ण एकाङ्की हो भनेर अड्कल गर्न सकिन्छ । यो एकाङ्की त्रिभुवन विश्वविद्यालयको छैटौँ दीक्षान्त समारोहको उपलक्ष्यमा राष्ट्रिय नाचघरमा प्रदर्शन गरिएको थियो । यस एकाङ्कीले तत्कालीन नेपाली समाजमा व्याप्त पट्यारलाग्दो वर्गीय असमानतालाई प्रस्तुत गरेको छ । यस एकाङ्कीमा विपिनबाबु जस्ता उच्च व्यक्तिहरूले अन्य व्यक्तिहरूलाई मानवको रूपमा व्यवहार गर्दैनन् भन्ने कुरा देखाइएको छ । अलौकिक परिवेश समेटिएको यस एकाङ्कीमा जमिन्दार विपिनबाबु, उसकी रानीहरू ज्वाला र कृष्णा, नोकर रघुवीरसिंह र शत्रुघ्न, शिक्षक श्रीकान्त आदि पात्रका साथै सूच्यपात्रको रूपमा ज्वाला रानीका छोराछोरीहरू रवि र समा प्रयोग गरिएका छन् । यी सबै पात्रहरू विपिनको सामन्ती व्यवहारको सिकार बनेर मरिसकेको अवस्था चित्रण गरिएको छ । त्यहाँ उनीहरू अनकन्टार र एकलासे ठाउँमा केही धमिला मूर्तिजस्ता मनुष्यका आकारका व्यक्तिहरू देखिन्छन् । उज्यालो भएपछि तिनीहरू चलमलाएका जस्ता देखिन्छन् । तिनीहरू केही समयसम्म अङ्ग चलाउँछन् र त्यसको केही क्षण पछि कुनै एक कराउँछ अनि अरू पनि बिउँझेजस्ता हुन्छन् र कुनैकुनै चलमलाएर हिड्न थाल्छन् । त्यसपछि आश्चर्यचकित भएर तिनीहरू एकअर्कालाई स्पर्श गर्न थाल्छन् । अनि तिनीहरूलाई आफू मरेको हो वा जीवित हो छुट्याउन गाह्रो हुन्छ तर तिनीहरू मरिसकेका हुन्छन् । सुरूमा तिनीहरूले आफैलाई चिन्न नसके पनि परिचय गर्दै जाँदा ज्वाला, श्रीकान्त, शत्रुघ्न र रघुवीरसिंह सबै जमिन्दार विपिनको क्रुर व्यवहारबाट मारिएको थाहा पाउँछन् । पहिले तिनीहरू सबैलाई विपिनको

आदेशले रघुवीरसिंहले मारेको हुन्छ र पछि रघुवीरसिंहलाई पनि विपिनले मार्न पुग्छ । अहिले तिनीहरू सबै यमलोकमा छन् र मर्त्यलोकको बारेमा कुराकानी गरिरहेका छन् । कुराकानीको प्रसङ्गबाट के थाहा पाइन्छ भने ज्वालाका छोरा र छोरी रवि र समालाई पनि विपिनले मार्न लगाएको हुन्छ । यत्तिकैमा त्यहाँ कृष्णा आइपुग्छिन् । हतारहतारमा होटेल खोज्दै आइपुगेकी कृष्णालाई आफू मारिएको पत्तै हुदैन । यो यमलोक हो र हामी सबै मृत प्राणी हौँ भन्ने कुरा गरेपछि मात्र उनलाई विश्वास लाग्छ । अब उनीहरू सबै विपिनको अत्याचारको विरोध गर्छन् । यत्तिकैमा विपिन पनि त्यहाँ आइपुग्छ । सबै मिलेर विपिनसँग बदला लिन खोज्छन् । बदला लिन खोज्दा रघुवीरसिंहले विपिनको मुखमा थुक्न भ्याउँछ भने पछि विपिनसहित सबै पुन: पत्थरमा परिणत हुन्छन् र कथावस्तु टुङ्गिन्छ ।

*पत्थरको कथा* एकाङ्कीमा विजय मल्लले तत्कालीन समयको नेपाली समाजको भयावह स्थितिको चित्रण गरेका छन् । एउटा जमिन्दारको क्रुर व्यवहारबाट पीडित पात्रहरूले अर्को जुनीमा भए पनि गरेको विद्रोहबाट नेपालीहरूमा पनि चेतना जागेको कुरा यस एकाङ्कीले सङ्केत गरेको छ । वर्गीय असमानता हटाउन आफू लास बन्नु परे पनि त्यसका लागि पछि हट्नु हुदैन भन्ने कुरा बताइएको यस एकाङ्कीमा निम्न वर्गीय व्यक्तिहरूले गर्ने साङ्गठनिक विद्रोहले नै विपिनजस्ता क्रुर सामन्तीवर्गको जग धरमराउने कुरा प्रस्तुत गरिएको छ । अलौकिक परिवेश प्रयोग गरिएको यस एकाङ्कीको हालसम्म गहन रूपले समाजपरक विश्लेषण भएको देखिँदैन । तसर्थ यस एकाङ्कीको समाजपरक विश्लेषण गरी तत्कालीन नेपाली समाजको यथार्थ चित्रण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य हो । यस अध्ययनले साहित्यमा चासो राख्ने जो कोहीलाई पनि सघाउने हुँदा यो अध्ययन आफैमा औचित्यपूर्ण छ । यस एकाङ्कीको बारेमा विभिन्न व्यक्तित्वहरूले सामान्य विश्लेषण गरिएको देखिए पनि वस्तुपरक रूपमा यसको सामाजिक पक्षको अध्ययन गरिएको देखिँदैन । त्यसैले यस अध्ययन पत्रमा समाजवादी यथार्थवादको सैद्धान्तिक अवधारणाको आधारमा यस एकाङ्कीको समाजपरक विश्लेषण गरिएको छ ।

## अध्ययनविधि

*पत्थरको कथा एकाङ्कीको समाजपरक विश्लेषण* नामक अध्ययनका लागि पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीको रूपमा विजय मल्लद्वारा लिखित *पत्थरको कथा* एकाङ्की प्रयोग गरिएको छ भने द्वितीयक सामग्रीको रूपमा *पत्थरको कथा*सँग सम्बन्धित लेख तथा समालोचना उपयोग गरिएको छ । जर्मन दार्शनिक कार्ल मार्क्सद्वारा प्रतिपादित समाजवादी यथार्थवादको सामाजिक दृष्टिकोणको सैद्धान्तिक मान्यताको आधारमा गुणात्मक ढाँचा प्रयोग गरी *पत्थरको कथा* एकाङ्कीमा भएको सामाजिक वर्गीय विभेदसँग सम्बन्धित विशिष्ट संवादहरूको व्याख्यात्मक विधिबाट पाठपरक विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

वस्तुसत्यमा विश्वास राख्दै र वस्तु जगत्को अस्तित्वलाई सर्वेसर्वा स्वीकार गर्दै जीवन र जगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा त्यसलाई प्रस्तुत गर्ने तथा जीवन र जगत्का बिचको सम्बन्धले मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको त्यस्तै अङ्कित गर्ने साहित्यिक मान्यतालाई यथार्थवाद भनिन्छ (जोशी, २०५७, पृ. ५६) । यसवादलाई पनि सामाजिक यथार्थवाद र समाजवादी यथार्थवाद गरी दुई भागमा विभाजन गर्न सकिन्छ । मान्छेको जीवन र समाजका बिचको सम्बन्धले मान्छेको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको त्यस्तै प्रस्तुत गर्ने साहित्यिक मान्यतालाई सामाजिक यथार्थवाद भनिन्छ भने समाजमा भएको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको

सम्पूर्ण साधन, स्रोत र सम्पत्तिमा सबैको अधिकार हुनुपर्छ भन्ने साहित्यिक मान्यता समाजवादी यथार्थवाद हो। सामाजिक यथार्थवादले साहित्यमा यस्तो व्यक्तित्व, पात्र वा चरित्रलाई सहज रूपमा प्रस्तुत गर्दछ, जसले वर्गविशेषको प्रतिनिधित्व गर्नाका साथै आफ्नो निजी विशेषतालाई पनि अक्षुण्ण राख्ने काम गर्दछ (जोशी, २०५७, पृ. ५६)। यसका साथै समाज-जीवनको यथार्थलाई स्वीकार गरेर त्यसलाई यथावत् प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो भने त्यस यथार्थलाई क्रान्तिकारी विकासका सन्दर्भमा चित्रण गर्नु समाजवादी यथार्थवाद हो। वास्तवमा यथार्थवादका पृष्ठभूमिमा जन्मिएको वाद समाजवादी यथार्थवाद हो र सामान्यतया यहीँ समाजवादी यथार्थवादलाई प्रगतिवाद पनि भनिन्छ। प्रगतिवाद मार्क्सवादकै एउटा साहित्यिक संस्करण हो। यस वादले किसान, मजदुर तथा सर्वहाराजस्ता समाजका तल्लावर्गप्रति विशेष ध्यान दिँदै उनीहरूको दु:खमोचन मार्क्सवादी ढङ्गले गर्ने कुरा गर्दछ। खासगरी मार्क्सको उदय भएपछि उनले वैज्ञानिक भौतिकवादी दर्शनका आधारमा प्रतिष्ठापित नवीन समाजवादको संस्थापन गरे। यसप्रकार समाजवादको इतिहासमा मार्क्सवादलाई नै वैज्ञानिक समाजवाद मानिन्छ। यसमा मुख्यतया अन्याय, अत्याचार, शोषण, दमन, अशिक्षा, विषमताजस्ता कुराहरूलाई कुनै स्थान दिइँदैन र यसमा व्यक्तिभन्दा पनि समाजलाई विशेष महत्त्व दिइन्छ। साहित्यमा यही समाजवादी चेतना नै प्रगतिवाद हो (जोशी, २०५७, पृ. ६०)। साहित्यमा यसको सर्वप्रथम प्रयोग जर्मनीमा हाउप्टम्यानले सन् १८९२ मा जुलाहा (द वीभर्स) नाटकको लेखनपछि भएको मानिन्छ भने यसको व्यापक प्रयोग रूसी साहित्यमा म्याक्सिम गोर्कीले गरेको पाइन्छ। उनले कङ्गाल कालिगडहरू, अभागी मजदुरहरू तथा सर्वहाराका जीवनलाई यथार्थ रूपमा चित्रण गर्दै उनीहरूलाई अन्याय, अत्याचार, शोषण, दमन र असमानताका विरुद्ध सङ्घर्ष गर्ने सचेतता तथा जागृति प्रदान गर्ने गोर्की वास्तवमा रूसका प्रथम र महान् प्रगतिवादी लेखक हुन् (जोशी, २०५७, पृ.६०-६१)। उनले प्रगतिवादको प्रयोग, व्याख्या र विस्तार गरेका छन्।

सङ्क्षेपमा, वर्गहीन समाजको स्थापनाका लागि प्रेरित गर्ने, जाति, धर्म, सम्प्रदाय, वर्ग, वर्ण, वंश आदिका आधारमा अडेको ऊँचनीचताको विरोधी, दीनदुखी र गरीबहरूको पक्ष अँगाल्ने, सामन्तीवादी-पूँजीवादी व्यवस्थाका असङ्गतिको भण्डाफोर गर्ने, समानता, बन्धुत्व तथा मानवतावादी भावनालाई जगाउने; जमिन्दार, पूँजीपतिप्रभृति शोषकवर्गका विरुद्ध जनमत तयार पार्ने, ईश्वर, धर्म आदि अवैज्ञानिक धारणाहरूको विरोधी वाद नै प्रगतिवाद हो (जोशी, २०५७, पृ. ६२-६३)। प्रगतिवाद पनि स्वच्छन्दतावादी र विशुद्ध गरी दुई प्रकारका छन्। *पत्थरको कथा* विशुद्ध प्रगतिवादी एकाङ्की हो। यस लेखमा कार्ल मार्क्सको समाजवादी यथार्थवाद र त्यसकै पृष्ठभूमिमा देखा परेको प्रगतिवादको सैद्धान्तिक मान्यताका आधारमा *पत्थरको कथा* एकाङ्कीको समाजपरक अध्ययन गरिएको छ।

## विमर्श र परिणाम

विजय मल्लद्वारा लिखित *पत्थरको कथा* एकाङ्की सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी एकाङ्की हो। यसमा राणाकालीन नेपालमा जनताको दयनीय अवस्थाको चित्रण गरिएको छ। तत्कालीन समयमा नेपाली समाजमा देखिएको आर्थिक असमानताको कारण शासक र शासितबिच गहिरो असमानता रहेको र साधारण जनताहरूको पहिचान नै गुमेको कुरा यस एकाङ्कीमा प्रस्तुत गरिएको छ। यसै गरी उच्च वर्गमा हैकमवादी प्रवृत्ति मौलाएको र निम्न वर्गीय पात्रहरू त्यसको मारमा परेको कुरा र यसको विरोधमा आवाज उठ्न थालेको कुरा यस एकाङ्कीमा सङ्केत गरिएको छ। यसरी तत्कालीन समयमा सामन्ती व्यवस्थाको अगाडि निम्न वर्गीय पात्र त्यसको सिकार बनेको र चेतनाशून्य भई आफ्नो

पहिचान पनि गुमाउनु परेको तथा त्यस्तो निरङ्कुश व्यवस्थाको विरोधमा बोल्न थालेको प्रसङ्ग यस एकाङ्कीमा यसरी प्रस्तुत गरिएको छ:

> *म । तिमीहरूजस्तो नामहीन । नाम केको नाम चाहियो ? तर हामी सबलाई के भएको हो आज; यो बोल्न थाल्यो; त्यो कराउन थाल्यो; म बोल्न थालें; सब हिड्न थाले । एकले अर्कालाई चिनेजस्तो, फेरि चिनेर पनि बिर्सेजस्तो । मेरो नाम मलाई याद भयो- मेरो नाम अहो, रघुवीरसिंह पो रहेछ (पृ. २)।*

माथिको उद्धरणमा दीनहीन, गरिब तथा निमुखा नेपाली जनताको अवस्थाको चित्रण गरिएको छ । राणाकालमा नेपाली जनता मान्छे जस्तै थिएनन् । उनीहरूले बोल्न, पढ्न तथा लेख्न पाएका थिएनन् । राजनीतिक, सामाजिक, आर्थिक आदि सबै ठाउँमा राणाहरूको नै रजाइँ थियो । यसरी जनताबाट सबै प्रकारका अधिकारहरू खोसिएर पशुवत् जीवन जिउन बाध्य नेपालीहरूले राणाकालमा आफ्नो नाम पनि थाहा पाउन नसकेको र आफ्नो पहिचान पनि गुमाउनु परेको अवस्था यस उद्धरणमा प्रतिबिम्बित भएको देखिन्छ । यसैगरी यसमा निमुखा जनताहरू बोल्न र हिड्न थालेको प्रसङ्ग उल्लेख गर्दै नेपाली जनताहरूमा चेतना मौलाउँदै गएको र राणाविरोधी क्रान्तिको बीजारोपण भएको कुरा पनि माथिको उद्धरणमा सङ्केत गरिएको छ । यसैगरी ठुलाबडाको चाकरी गर्नुपर्ने र उनीहरूको इच्छानुसार नै प्रयोग हुनुपर्ने रघुवीरसिंह जस्ता निम्न वर्गीय पात्रको पनि यसमा प्रयोग गरिएको छ । यसरी नै नोकरले मालिकहरूको सेवा गर्दागर्दा आफ्नो नाम, साथी, आफन्त र घरवार पनि बिर्सिनु पर्ने र उनीहरूको सेवा नपुग्दा मारिनु पर्ने कहालीलाग्दो अवस्थाको चित्रण यस उद्धरणमा गरिएको छ ।

राणाकालीन नेपालमा नियमकानुन थिएनन् । सबै प्रकारका शक्तिहरू राणाहरूमा नै केन्द्रित थिए । उनीहरूको आदेशानुसार राज्यसञ्चालन हुन्थ्यो र कुनै पनि कुराले उनीहरूलाई रोक्न र छेक्न सकिंदैनथ्यो । उनीहरू जनताको मात्र होइन आफ्नो मन नपरेको जोकोही मान्छेको ज्यान लिन पनि पछि पर्दैनथे । सुरा र सुन्दरीको मातमा मात्तिएका तत्कालीन शासकहरूले नारीलाई भोग्यवस्तुको उपयोग गर्दथे । साधारण नारी मात्र नभई दरबारिया आफ्नै रानीहरूप्रति पनि उनीहरूको व्यवहार ठिक नभएको प्रसङ्ग यस एकाङ्कीमा देख्न सकिन्छ । बाबुसाहेब विपिनले एउटी केटीसँग प्रेम गर्न थालेपछि घरकी पत्नी ज्वालालाई नोकर रघुवीरसिंहमार्फत् मार्न लगाएको कुरा यस एकाङ्कीमा ज्वालाले यसरी व्यक्त गरेकी छिन्:

> *रघुवीर तिमीलाई याद छ ? तिमीले मेरो मुखमा रुमाल कोचेर उठाएर लगेका थियौ, अनि बन्चरोले मेरो खप्परमा हानेका थियौ । मैले कति हात जोडेको थिए तिमीसँग, कति मायालाग्दो स्वरले बच्चाहरूलाई भेट्नसम्म देऊ भनेकी थिएँ । तिमीले मेरा कलिला बच्चाहरूलाई हेर्नसम्मन् दिएनौ- ती बच्चाहरु ! उफ् ! तिमी निर्दयी हौ ( पृ. ३)।*

माथिको उद्धरणमा तत्कालीन नेपाली समाजको भयावह अवस्थाको चित्रण गरिएको छ । शासकहरूलाई मन नपर्दा वा उनीहरूको आदेश पालना नगर्दा जनता मात्र होइन दरबारभित्रका व्यक्तिको जीवन पनि जोखिममा पर्ने कुरा यस उद्धरणमा प्रस्तुत गरिएको छ । बाबुसाहेब विपिनकी जेठी रानी ज्वाला हुन् । उनका एक छोरा र एक छोरी छिन् । विपिनले अर्की केटीसँग प्रेम गर्न थालेपछि ज्वाला रानीलाई त्यागिदिन्छन् । यति मात्र नभई ज्वाला रानीले जनताको पक्षमा कुरा गर्दा उनलाई विपिनले आफ्नो नोकर रघुवीरसिंहलाई मार्ने आदेश दिन्छन् र रघुवीरसिंहले ज्वाला रानीलाई मारिदिन्छन् । यसरी यस उद्धरणमा राणाकालीन नेपाली समाजमा जमिन्दारहरूले नोकरचाकर राख्ने प्रथा देखाउनुका साथै रघुवीरसिंहजस्ता आज्ञाकारी र सोझा सेवकहरूलाई हिंसा गर्नु हुँदैन भन्ने कुरा थाहा हुँदाहुँदै पनि मालिकको आदेशानुसार जोकसैको पनि

हत्या गर्न बाध्य हुनु पर्दछ भन्ने कुरा यसमा देखाइएको छ । यसरी स्वामीभक्तिबाट अन्धो बनेको रघुवीरसिंहलाई ज्वालाले जति अनुनय गरे पनि उसले सुन्दैन र उसले ज्वालाको खप्परमा बन्चरो प्रहार गरेर मारेरै छोड्छ । ज्वाला रानीलाई मुखमा रुमाल कोचेर उठाएर लग्दा ज्वालाले हात जोडेर बिन्ती गर्दै छोराछोरी भेट्ने इच्छा जाहेर गर्दा पनि भेट्न नदिएको कुरा यस उद्धरणमा व्यक्त भएको छ । यसरी मालिकको आदेश पालना गर्ने क्रममा रघुवीर निर्दयी बनेको कुरा पनि यस उद्धरणमा देखाइएको छ ।

राणाकालीन नेपालमा धेरै विद्यालयहरू थिएनन् र भएका विद्यालय पनि उनीहरूले बन्द गर्न लगाएका थिए । विद्यालयमा सामान्य जनताको पहुँच थिएन । जनताका छोराछोरीहरूलाई पढ्ने मौका दियो भने उनीहरू बाठा हुन्छन् र हाम्रो कर्तुत खुल्न गई हामीले शासनबाट हट्नुपर्छ भन्ने विचार राणाहरूको थियो । विद्यालयमा पढाउने शिक्षकले पनि उनीहरूकै गुणगान गाउनु पर्थ्यो । शिक्षित र चेतनशील व्यक्तिले समाजमा केही नयाँ सुधारका काम गरे शासकबाट सजाय भोग्नु पर्थ्यो । विद्यार्थीहरूमा चेतना जगाउँदा आफ्नो ज्यान गुमाउँनु परेको कुरा यस एकाङ्कीमा शिक्षक श्रीकान्तले यसरी व्यक्त गरे का छन्, *“हो, बरु बराबर क्लासमा भन्ने गर्थे अत्याचार सहनु हुन्न । सहने बानी बसाल्नु हुन्न । हो, बराबर किसानलाई औषधि बाँड्थे, सिकाउँथे, मदत गर्थे* (पृ.८) ।”

माथिको उद्धरणमा तत्कालीन नेपाली समाजको शिक्षा प्रणाली तथा चेतनाको अवस्थालाई प्रस्तुत गरिएको छ । त्यति बेला विद्यालयमा पढाउने सामग्री पनि राणाहरूको स्तुतिगान जस्तो हुने र त्यसकै सेरोफेरोमा रहेर शिक्षकले पठनपाठन गर्नुपर्ने व्यवस्था थियो । शिक्षकले स्वतन्त्र रूपमा आफ्नो कार्य गर्न पाउँदैनथे । त्यति बेला शिक्षित व्यक्ति श्रीकान्तले गाउँमा विद्यालय खोलेका थिए र त्यसै विद्यालयमा पढाउँथे । विद्यालय खोलेको कुरा विपिनलाई पटक्कै मन परेको थिएन । उनी कसैको पनि चाकरी गर्दैनथे । उनी जहिले पनि शिर ठाडो पारेर हिड्ने गर्थे । यसका साथै उनी सामाजिक विकृति, विसङ्गति, अन्याय तथा अत्याचारको विरोध गर्थे । त्यसैले उनलाई शासकले गोमन सर्प भन्थे तर उनी आफ्नो अडानबाट कत्ति पनि विचलित हुदैनथे । त्यति बेला उनले राणाहरूको अन्याय र अत्याचारको विरोध गरी जनतामा चेतना फैलाएका थिए । उनी गरिब तथा असहाय व्यक्तिहरूलाई सक्दो सहयोग गर्थे । उनी किसानलाई औषधी बाँड्थे र उनीहरूलाई सकेसम्म सहयोग गर्थे । यस्ता समाजसेवाका कार्यहरू जमिन्दार विपिनबाबुलाई मन पर्दैनथे । त्यति बेला कसैलाई सहयोग गर्न पनि विपिनबाबुकै अनुमति चाहिने र अनुमतिविना गरिब, निमुखा, असहाय तथा निम्न वर्गीय किसानलाई सहयोग गर्दा शिक्षक श्रीकान्तले ज्यान गुमाउनु परेको विकराल सामाजिक अवस्थाको चित्रण माथिको उद्धरणमा प्रस्तुत गरिएको छ ।

तत्कालीन शासकहरू भोगविलासमा चुर्लुम्ब डुबेका थिए । उनीहरूका नोकरचाकर र सुसारेहरू थुप्रै हुन्थे । देश दौडाहामा निस्कँदा उनीहरूका सुसारे र नोकरहरूको ताँती नै हुन्थ्यो । उनीहरू नोकरचाकर र सुसारेहरूलाई मनोमानी परिवर्तन गरिरहन्थे । नोकरहरूले काम बिगार्दा भने शासकले ज्यान लिन पनि पछि पर्दैनथे भन्ने कुरा नोकर रघुवीरसिंहले यस एकाङ्कीमा यसरी व्यक्त गरेको छ, *“मलाई थाहा छैन । मलाई यत्तिकै थाहा छ, एउटा मानिस जो उसै घरको नोकर थियो- शत्रुघ्न, त्यसलाई मारेर फर्कें । अनि म सुत्न गएँ । एउटा चिसो गोलीजस्तो टाउकाभित्र घुस्यो । अनि याद छैन- आज तपाईंलाई देख्दैछु*” (पृ. ३) ।

माथिको उद्धरणमा विपिनबाबुको नोकर रघुवीरसिंह र उनकी रानी ज्वालाको नोकर शत्रुघ्नको हत्याको प्रसङ्गको उल्लेख गरिएको छ । विपिनबाबुले ज्वाला रानीको हत्या गरिसकेपछि उनको नोकर शत्रुघ्नको हत्या गर्न रघुवीरसिंहलाई आदेश दिएको छ र विपिनबाबुको आदेशमा रघुवीरसिंहले शत्रुघ्नलाई मारेको कुरा प्रस्तुत गरिएको छ । रघुवीरसिंहले शत्रुघ्नलाई मारिसकेपछि आफ्नो कोठामा सुत्न जाँदा विपिनबाबुले चलाएको गोलीबाट रघुवीरसिंह मारिएको कुरा यस उद्धरणमा देखाइएको छ । यसरी तत्कालीन समाजमा नेपाली जनतासहित दरबारभित्रका नोकरचाकर र सुसारेको जिउज्यानको कुनै पनि ठेगान नभएको डरलाग्दो सामाजिक अवस्थाको चित्रण यस उद्धरणमा प्रस्तुत गरिएको छ ।

विपिनबाबुजस्ता तत्कालीन शासक वर्गहरू जनताको सुख, शान्ति र समृद्धिभन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थमा लागिपरेका हुन्थे । उनीहरू भोगविलासमा चुर्लुम्ब डुबेका हुन्थे । आफ्ना लागि भव्य महलहरू बनाउने, नोकरचाकर राख्ने, जिल्ला दौडाहामा जाने, सुसारे बटुल्ने आदि कार्यहरू उनीहरूका नियमित कार्य जस्तै थिए । सुरा र सुन्दरीका पारखी राणाहरू आफूलाई ठुलो बादशाह सम्झन्थे । देशको प्रशासन उनीहरूको इच्छानुसार चल्थ्यो । दरबारमा रानीहरू कति छन् भन्ने कुरा एकिन हुन्नथ्यो । उनीहरूले पत्नी फेर्नु र मान्छे मार्नु एउटा खेल जस्तै थियो भन्ने कुरा विपिनकी कान्छी रानी कृष्णाले यसरी व्यक्त गरेकी छिन्:

> *त्यसको माया मप्रति फोस्रो थियो भन्ने कुरा केही महिनामा नै थाहा पाएँ । अर्की आइमाई नपाउन्जेल त्यसले मलाई माया गऱ्यो, भनेजस्तो राख्यो पनि । तर जब आइमाई पायो, मलाई गाली गर्ने, पिट्नेचुट्ने गर्न थाल्यो- मेरो सानो छोरालाई सर्पले टोक्यो भनेर मारेर मिल्काइदियो । त्यस दिनदेखि नै म झस्कें । एउटी बुढिया नोकर्नीले मलाई भाग्ने सल्लाह दिई नत्र त्यसै बखत मारिने रहेछु । विष ल्याएर राखेको पनि पत्ता पाएँ । खानेकुरा त्यस दिनदेखि छुँदै छोइन । निराहारजस्तो बसिदिएँ । स्वास्नीमान्छे फेरी-फेरी ल्याउने बानी उसको रहेछ । एउटीलाई माऱ्यो, अर्कीलाई ल्यायो, ओहो ! म कसरी फुत्केर भागेकी थिएँ । म कसरी मर्न सक्छु ? म मर्दिन बाबा, मर्दिन ( पृ. १२) ।*

माथिको उद्धरणमा राणाकालीन नेपाली समाजमा शिशु र महिलाहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । यस उद्धरणमा दरबारभित्र महिलामाथि हुने घरेलु हिंसा र अबोध शिशुको बालअधिकारको हनन् भएको कुरा प्रस्तुत गरिएको छ । यसमा बहुविवाह गर्ने, महिलालाई गाली गर्ने, पिट्ने, अबोध शिशुको हत्या गर्ने आदि कुकृत्यहरूको पर्दाफास गरिएको छ । त्यसैगरी यस उद्धरणमा तत्कालीन दरबारमा महिलालाई एउटा भोग्यवस्तुको रूपमा लिइन्थ्यो भन्ने कुरा देखाइएको छ । विपिनबाबुकी जेठी रानी ज्वाला हुन् र उनको हत्या भइसकेको हुन्छ । त्यसपछि विपिनले कृष्णासँग केही समय मायाको नाटक गरेको हुन्छ । विपिनबाबुले कृष्णाको छोरालाई सर्पले टोकेको बहाना गरी हत्या गरेको छ । वास्तवमा विपिनको कृष्णासँगको माया जाली र स्वार्थी थियो र अर्की आइमाई पाउने बित्तिकै कृष्णालाई धोका दिएर ड्राइभरमार्फत् मार्न लगाएको कुरा यस उद्धरणमा प्रस्तुत गरिएको छ । यसरी दिनपिच्छे आइमाई फेर्ने विपिनबाबु जस्ता स्त्री लम्पट तथा कामुक शासकहरूको महिलाप्रतिको दृष्टिकोणलाई यस उद्धरणले उदाङ्गो पारेको छ । त्यसताका महिलाको सुन्दरता नै उनीहरूका लागि अभिशाप थियो र त्यो सुन्दरताले उनीहरूको ज्यानसमेत् जान सक्थ्यो भन्ने कुरा यस उद्धरणमा देखाइएको छ । यसका साथै त्यसबेलाको समाजमा सुन्दरीहरू दरबार छिर्ने र उमेर ढल्केर कुरूप हुँदा मारिनुपर्ने भयावह अवस्थाको चित्रण पनि यस उद्धरणमा प्रस्तुत गरिएको छ ।

समय परिवर्तनशील छ । परिस्थिति सधैँ एकनासको हुँदैन । विपिनबाबुजस्ता कुख्यात शासकका पनि दिनहरू सकिन्छन् । प्रजातन्त्रको स्थापनाकालपछि उनीहरूका दिनहरू गए । उनीहरूको हैकमवादी प्रवृत्ति पनि ओह्रालो लाग्छ । समय आएपछि विपिनबाबुको पनि निधन हुन्छ र आफूले दुःख दिएर मार्न लगाएका र मारेका निर्दोष व्यक्तिहरूसँग अलौकिक स्थानमा उनको भेट हुन्छ । मरिसकेपछि दाह्रा र नङ्ग्रा झिकिएको सिंह जस्तै बनेको विपिन अलौकिक स्थानमा शक्तिहीन बन्छ तर उसको मनमा पुरानै रवाफ बाँकी रहन्छ । त्यसैले आफूले मारिसकेको नोकर रघुवीरलाई उसले आफ्नो कब्जामा लिन खोज्छ तर ऊ असफल हुन्छ । त्यसपछि ऊद्वारा मारिएकाहरू सबै एक भएर उसलाई मार्न खोज्छन् तर उसको मृत्य भइसकेकाले मार्नुपर्ने आवश्यकता नरहेको कुरा शिक्षक श्रीकान्तले गर्छ । निर्दोष प्राणीलाई मार्न लगाएको बदला लिन रघुवीरसिंह अघि सर्छ र भन्छ, *''तपाईंले मार्न लगाएको बदला, मैले यत्तिकालाई मारेँ, निर्दोष अबला सबलाई, थाहा पाउनुभयो यसको बदला ! लौ आऊ म तिमीसँग भिड्छु, जुध्छु । सके मार्छु''* (पृ.१६) ।

माथिको उद्धरणमा विपिनबाबु विष खाएर मरेपछि उसले मारेका र मार्न लगाएका व्यक्तिहरूसँग अलौकिक संसारमा भेट भएको र त्यहाँ पनि उसले आफ्नो प्रभुत्व जमाउन खोजेको कुरा उल्लेख गरिएको छ । त्यस अलौकिक संसारमा उसले दुःख दिएर मारेकाहरू एकजुट भई उसको प्रतिकार गरेको र मार्न खोजेको कुरा यस उद्धरणमा व्यक्त गरिएको छ । विपिनबाबुको अघि नै मृत्यु भइसकेकाले मार्नुपर्ने आवश्यकता नरहेको कुरा शिक्षक श्रीकान्तले गरेपछि रघुवीरसिंहले उसको मुखमा थुकेर बदला लिएको कुरा यस उद्धरणमा देखिन्छ । यसमा पहिले जस्तोसुकै अपराध सहे पनि अहिले आएर शोषित र पीडित व्यक्तिहरू अन्याय र अत्याचारका विरुद्ध एकजुट हुन थालेको प्रसङ्ग उल्लेख गरिएको छ । यसरी माथिको उद्धरणमा  जहाँनिया राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएपछिको जनताको जागरण र राणाहरूको पतन भई सकेपछिको नेपाली समाजको चित्रण गरिएको छ । राणाकालमा सबै प्रकारका अधिकार खोसिएर पशुवत् जीवन जिउन बाध्य नेपाली जनताहरू प्रजातन्त्रको उदयपछि जुर्मुराएर उठ्न थालेको कुरा प्रस्तुत र उनीहरू एकजुट भई अन्याय र अत्याचारको विरुद्ध आवाज उठाउन थालेको प्रसङ्ग माथिको उद्धरणमा प्रस्तुत गरिएको छ । शासनमा रहँदा विपिनबाबुले थुप्रै निर्दोष व्यक्तिलाई मार्न लगाएको र अहिले आएर आदेश पालना गरेकोमा पछुतो लागेको कुरा विपिनको पुरानो नोकर रघुवीरसिंहले व्यक्त गर्दै अब सबै मिलेर विपिनलाई मार्नुपर्ने कुरा औल्याउँदै ऊ बदला लिन तयार हुन्छ । यसरी राणाशासनको अन्त्यपछि नेपाली जनतामा आएको जागरण र विद्रोही चेतनालाई माथिको उद्धरणमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

*पत्थरको कथा* एकाङ्की विजय मल्लको चर्चित एकाङ्की हो । यस एकाङकीमा वि सं २००७ सालको क्रान्तिले जनतामा ल्याएको जागरण र क्रान्तिपूर्वको जहानियाँ राणाशासनको अवस्थाका काला पक्षहरूलाई उजागर गरिएको छ । यस एकाङ्कीको प्रमुखपात्र जमिन्दार विपिनबाबु हो र उसले नै राणा र उनीहरूको शासन व्यवस्थाको प्रतिनिधित्व गरेको छ । तत्कालीन समयमा राणाशासनले नेपाली जनतामाथि गरेको अन्याय र अत्याचारको पर्दाफास गरिएको यस एकाङ्कीमा विपिनबाबुजस्ता जमिन्दारहरूले गरेका कुकृत्यहरूको चर्चा गरिएको छ । निरङ्कुश राणा शासनको समयमा नेपालमा कुनै पनि कानुन नभएको र सत्ताधारीको आदेशानुसार देश चलाउने विकराल अवस्थाको चित्रण गर्दै यस एकाङ्कीमा नेपाली जनताहरूले भोग्नु परेको निर्मम, निर्दयी तथा पशुवत् व्यवहारको मार्मिक रूपमा एकाङ्कीकार मल्लले चित्रण गरेका छन् । विपिन जस्ता सामन्तीहरूले मानव हत्याका लागि नोकरहरू प्रयोग गर्ने र मारेपछि मरेको बहाना गर्ने शासकको द्वैत चरित्र देखाउँदै सामन्तहरू निर्दयी हुने र आफ्नो सत्ता बचाउन परेको बेला आफ्नै

जहान, छोराछोरी, नोकर, शिक्षक आदिको हत्या गर्न पनि पछि नपर्ने क्रुर शासकको चित्रण यस एकाङ्कीमा गरिएको छ। रघुवीरसिंहजस्ता नुनको सोझो नोकर प्रयोग गरेर यस एकाङ्कीमा विपिनबाबुले आफ्नै दुईवटा रानीहरू ज्वाला र कृष्णा, शिक्षक श्रीकान्त, नोकर शत्रुघ्न, आफ्नै छोरा रवि र छोरी समाको हत्या गरेका छन्। त्यसपछि विपिनबाबुले अन्त्यमा आज्ञाकारी नोकर रघुवीरसिंहको हत्या गरेको छ। यसरी सत्ता टिकाउन आफ्नै जहान, छोराछोरी, शिक्षक तथा नोकरहरूको हत्या गरिएकाले तत्कालीन नेपाली समाजको जर्जर र बर्बर अवस्थाको झल्को यस एकाङ्कीले दिएको छ। यस एकाङ्कीमा विपिनले नयाँ युवती भेटिएपछि रानीहरूको हत्या गरेको देखाइएको छ भने शिक्षकलाई जनतामा चेतना जगाएको आरोप लगाएर हत्या गरिएको छ। त्यसपछि आफ्नै गल्तीले विष पिएर विपिनबाबु मर्छ र आफूले मार्न लगाएका र मारेकाहरूसँग उसको भेट हुन्छ। आफू मरेपछि विपिनबाबुले उनीहरूसँग सम्बन्ध बढाउन खोज्छ तर उनीहरूले उसको प्रतिशोध गर्दै उसलाई घृणा गर्छन्। त्यसपछि उसले त्यहाँ अलौकिक संसारमा पनि राज गर्न चाहन्छ तर सबै एकजुट भएर उसको बदला लिन तम्सिन्छन् र ऊ असफल हुन्छ। यसरी प्रजातन्त्रको उदयपछि नेपालमा आएको  राजनीतिक तथा सामाजिक परिवर्तनलाई समेटिएको यस एकाङ्कीमा निमुखा, गरिब, असहाय व्यक्तिहरूमा पनि चेतना आएर चलमलाउँदै जुर्मुराएर अन्यायका विरुद्ध उठ्न थालेको र विपिनबाबुजस्ता क्रुर शासकको अन्त्य भएको प्रसङ्ग उल्लेख गरिएकाले प्रगतिवाद प्रयोगका दृष्टिले *पत्थरको कथा* एकाङ्की उच्चकोटिको देखिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०५०), *पूर्वीय समालोचना सिद्धान्त*, साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद (२०३६), *पूर्वीय साहित्यसिद्धान्त*, साझा प्रकाशन।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धानपद्धति*, सनलाइट पब्लिकेसन।

जोशी, कुमारबहादुर (२०५७), *पाश्चात्य साहित्यका प्रमुख वाद*, साझा प्रकाशन।

भट्टराई, गोविन्दप्रसाद (२०३१), *पूर्वीय काव्यसिद्धान्त*, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

भट्टराई, गोविन्दप्रसाद, (२०७७), *भरतमुनिको नाट्यशास्त्र* (दोस्रो संस्क.), नेपाल प्रज्ञा-प्रतिष्ठान।

भट्टराई, घटराज (२०४०), *प्रतिभैप्रतिभा र नेपाली साहित्य*,  नेस्नल रिसर्च एसोसिएट्स।

भण्डारी, पारसमणि र अन्य (२०७२), *नेपाली नाटक, एकाङ्की र निबन्ध*, विद्यार्थी पुस्तक भण्डार।

भण्डारी, पारसमणि र अन्य (२०७४), *साहित्यशास्त्र र नेपाली समालोचना* (सातौँ संस्क.), विद्यार्थी पुस्तक भण्डार।

मल्ल, विजय (२०२८), *पत्थरको कथा*,  साझा प्रकाशन।

श्रेष्ठ, ईश्वरकुमार (२०६०), *पूर्वीय पाश्चात्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली*, साझा प्रकाशन।